नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

पत्र संख्याः
चलानी नं. २०५६

मिति २०७३।११।१

विषय : आवश्यक समन्वय गर्ने सम्वन्धमा ।

श्री स्थानीय विकास अधिकारीज्यूहरु (सबै)
श्री कार्यकारी अधिकृतज्यूहरु (सबै)

प्रस्तुत विषयमा स्थानीय निकाय ट्रेड युनियन संयुक्त समन्वय समितिको नाममा विभिन्न ६ वटा माग राखी मिति २०७३।१०।१९ देखि आन्दोलनका कार्यक्रमहरु गरिरहेको व्यहोरा अवगत नै छ ।

मिति २०७३ फागुन २ गतेदेखि चरणबद्ध थप आन्दोलनका रुपमा जिल्लामा स्थानीय विकास अधिकारी, प्रमुख जिल्ला ईन्जिनियर, कार्यकारी अधिकृत लगायत निजामती कर्मचारीहरु र गा.वि.स.सचिवहरुलाई २०७३ फागुन २ गते देखि कार्यालय प्रवेश निषेध गर्ने र निजहरुले प्रयोग गर्दै आएको सवारी साधन संचालन गर्न निषेध गर्ने र मागहरु पुरा नभएसम्म स्थानीय निकायको कामकाज ठप्प गर्ने अपिल प्रकाशन गरेकोले स्थानीय निकायमा कार्यरत कर्मचारीहरु, सेवाग्राहीहरु तथा स्थानीय निकायको सम्पत्तिको भरपर्दो सुरक्षा व्यवस्था मिलाई कार्यालयलाई सुचारु रुपमा संचालन गरी सेवाग्राहीलाई यथावत सेवा प्रदान गर्न सम्वन्धित सुरक्षा निकायसंग आवश्यक समन्वय गरी कार्यालय सुचारु राख्ने र आन्दोलनरत कर्मचारीहरुसंग छलफल गरी काममा फर्किने वातावरण मिलाउन नेपाल सरकार (सचिवस्तर) को मिति २०७३।११।१ को निर्णयानुसार अनुरोध छ ।

(भरतकुमार शर्मा)
उपसचिव

बोधार्थ :
श्री सूचना तथा विधुतीय शासन शाखा : ***Website*** मा राखिदिनु हुन ।